

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १९ गते शुक्रबार ❑ 6 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## कोरला नाका सञ्चालनको तयारी भएको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरोला नाका खोल्ने सरकारको तयारी भईरहेको बताउँदै त्यहाँ सम्म पुग्ने सडक स्तरोन्नती गर्नुपर्नेमा जोड दिएका छन् ।

तिब्बत र मुस्ताङको नाकामा रहेको पिल्लर नं. २४ मा पुगेर स्थलगत निरीक्षण गरेपछि उनले भने 'तिब्बत तर्फ भौतीक संरचनाहरु निर्माण भईसकेको देखिन्छ, हाम्रो तर्फ पनि आवश्यक भौतीक संरचना छिटो निर्माण गर्नुपर्छ ।' नाका खोल्ने योजना भईरहँदा तिब्बततर्फ सबै तयारी हुनु र गण्डकी प्रदेशको मुस्ताङ तर्फ कुनैपनि संरचना नहुँदा भोली समस्या आउन सक्ने उनले बताए । 'इमिग्रेसन, सुरक्षा चेकजाँच, भन्सार संचालन गर्न हाम्रो तर्फपनि भौतीक संरचना जरुरी हुन्छ' उनले भने । अहिले रहेको भन्सार र सुरक्षा चेकपोष्ट पिल्लर भन्दा नौ किलोमिटर तल छ । नाका सम्म पुग्ने सडक स्तरोन्नती गरेर



नियमित सवारी आउजाउ गर्न सक्ने बनाउन तर्फ सरकारको ध्यान रहेको मुख्यमन्त्री पाण्डेले बताए । 'कोरोला नाका सम्मको सडकपनि संघ सरकारको गौरवको योजना हो, यसमा प्रदेश सरकारलेपनि सहकार्य गरेको छ' उनले भने । निर्माण ब्यवशायीको ढिलासुस्तीले सडक निर्माणको काम सुस्त रहेको बताउँदै छिटो काम सम्पन्न गर्न प्रदेश सरकारले दबाव सिर्जना गर्ने बताए । पछिल्लो चिन भ्रमणकाबेला कोरोला नाका खोल्ने विषयमा सकारात्मक छलफल भएको प्रधानमन्त्री पुष्पकमल दाहालले बताएका थिए । तर नाका कहिले खुल्छ भन्ने अझै यकिन भएको छैन ।

उक्त विषयमा संघ सरकार, प्रधानमन्त्री र संम्बन्धित मन्त्रालयसँग छलफल भईरहेको मुख्यमन्त्री पाण्डेले बताए । 'नाका खोल्ने कुरा प्रदेश सरकारले मात्र चाहेर नहुने रहेछ, संघ सरकारसँगको समन्वयमा छिटो खोल्ने तर्फ हाम्रो प्रयास केन्द्रित छ' उनले भने ।

सिमा नाका निरीक्षणसँगै गण्डकी प्रदेश स्तरीय सुरक्षा समिति र मुस्ताङ जिल्ला स्तरीय सुरक्षा समितिको बैठकपनि कोरोलामा बसेको थियो । बैठकमा नाका र प्रदेशको सुरक्षा संवेदनशिलता, नाका खुल्दा र नखुल्दा आउन सक्ने चुनौती, समाधानका उपाए, स्थानीयको आवश्यकता लगायतका बारेमा छलफल भएको थियो । कोरोला नाका निरीक्षणमा मुख्यमन्त्री पाण्डे, प्रतिनिधि सभा सदस्य योगेश गौचन, प्रदेश सभा सदस्य नाम्डु गुरुङ, बिकल शेरचन लगायतपनि सहभागी थिए । गण्डकी प्रदेशका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, सुरक्षा निकायका प्रदेश प्रमुखहरु, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु सहितको टोलीले सिमावर्ती क्षेत्रको १० भन्दाबढि गाउँमा पुगेर स्थानीयसँग अन्तरक्रिया गरेका थिए । प्रदेश सरकारबाट संचालन भएका योजनाको अवस्था, चालु वर्ष बिनियोजन भएको बजेट, स्थानीयको गुनासो र प्रदेश सरकारले गर्न सक्ने संवोधनका बारेमा मुख्यमन्त्री, जनप्रतिनिधिहरु र स्थानीयबिच अन्तरक्रिया भएको थियो । मुख्यमन्त्री गाउँगाउँमा पुग्दा स्थानीय निकै उत्साहित र खुसी देखिन्थे ।

## दशैं नजिक पोखरा क्षेत्रको व्यवसाय मन्द

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

नेपालीहरुको महान चाडै पर्वहरु नजिकीदै गर्दा पोखरा क्षेत्रमा यस बर्ष भने खासै चहल पहल हुन सकेको छैन् । अघिल्ला बर्षको तुलनामा बजारमा प्रायः शुन्य जस्तो भएको व्यवसायिहरु बताउनु हुन्छ । बजारमा किनमेल गर्नेहरुको भिडघाट हुने गरेको पोखरा क्षेत्रको मुख्य बजार क्षेत्रमा हाल मन्द व्यापार भएको छ भने केही ठाँउहरुमा व्यवसायीक सटरहरु नै हटाए पछि घरनिहरुले सटर भाडामा भनी वोर्ड टाँस्न थालेका छन् ।

पोखरामा अझै भाडामा कोठा पाउने केही कठिन भए पनि व्यवसायीक प्रयोजनको लागि सटरहरु भने सहज ढंगले पाउन सकिन्छ । केही व्यवसायीहरु मुख्यचार्ड पर्वको व्ययापारलाई मध्यनज गर्दै आफ्नो व्यवसायलाई असरी अघि बढाउने भन्ने बिषयमा सोच्न बाध्य भएका छन् ।

कोरोना त्यसबाट उत्पन्त भएको आर्थिक मन्दिर र सरकारको व्यवसायीक मैत्रि निती अभावका कारण अहिले पोखरा क्षेत्रका व्यवसायहरु निकै ठुलो मारमा परेको पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापतिले बताउनु भयो । उहाँले भन्नु भयो बजार चलायमान नै छैन, कसरी यहाँको आर्थिक कृयाकलाप हुन पाएको छ, मानिसहरुसंग पैसा छैन जस पैसा एकबाट अर्कोमा चक्रिय रुपमा हिड्दैन तवसम्म बजारमा आर्थिक संकट कायमै रहन्छ । " नेपाल सरकारको अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक बिचको द्धन्दको कारण आम मध्यम र साना व्ययापारीहरु यति वेला



ठुलो मारमा पर्नु भएको अध्यक्ष प्रजापतीले जनाउनु भयो । कर्जामा असहज वातावरण सृजना गरी व्याजदर बृद्धि गर्नुले आम जनतासंगै व्यवसायीहरु यसको प्रत्यक्ष मारमा परेको उहाँको भनाई छ । मानिसहरुको आय श्रोत घटदै जादा पहिलाको तुलनामा खर्च गर्ने सामर्थे पनि घटेको बताउदै अध्यक्ष प्रजापतिले अहिले घर, जग्गा र गाडी समेत बिक्रिको लागि आव्हान गरिएको सूचना संगै सटरहरु समेत खाली हुदै आएको दाबी गर्नु भयो । ४ करोड मुल्य पर्ने घर जग्गा हाल बजारमा ३ करोडमा पनि बिक्रि हुन नसक्ने अबस्था रहेको उहाँको भनाई छ । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा क्षेत्रमा अघिल्ला बर्षको तुलनामा यस बर्षको दशैंको सुरुवातमा खासै आन्तरिक पर्यटकको चहल पहल नभएको बताउनु भयो । उहाँले भन्नु भयो, "आशा गरौं दशैं नजिकीदै छ, यस बर्ष आन्तरिक पर्यटकहरु हामीले अपेक्षा गरे अनुसारका आउनु हुनेछ, पोखरामा हाल भारतीय र केही चाइनिज पर्यटकको आगमन ठिकै छ ।" पोखरा मुग्लिङ सडक खण्डको कारण हाल आन्तरिक पर्यटक आगमनमा गिरावट आएको दाबी गर्दै अध्यक्ष श्रेष्ठले पोखरा क्षेत्रमा आउने पर्यटकहरुको लागि उक्त सडक स्तरउन्नतीको कामलाई थप प्रभावकारी र व्यबस्थीत बनाउन आग्रह गर्नु भएको छ । पोखराको लेकसाइड बाहेक अन्य क्षेत्रमा व्यपारीक सटरहरु खाली हुने क्रम बढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले घर भेटिहरुले पनि व्यवसायलाई टिकाउने वातावरण सृजना गर्न केही महिना भाडा छुट तथा शुल्कको दर समेत घटाउन सुझाव दिनु भएको छ ।

पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यामनाथ पौडेलले पोखरा क्षेत्रमा हाल करिब ३० प्रतिशत जसो व्यवसायिक सटरहरु खाली भएको बताउदै आउनु भएको छ । घर भाडामा केही सहुलियत दियर व्यवसाय गर्ने वातावरण गर्न मिलाउन उहाँले आग्रह गर्दै आउनु भएको छ । पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपु, चिप्लेढुङ्गा, न्यूरोड, नयाँबजार, पृथ्वीचोक, लेकसाइड, पालिखेचोक, बगर, पार्दी अम्मरसिंहचोक लगायतका क्षेत्रमा हाल व्यवसायीक सटरहरु खाली हुने क्रम जारी रहेको छ । उत्पादन भन्दा आयात मुखि व्यपार भएकोले गर्दा पनि यसरी व्यवसायीहरु विस्थापित हुनु पर्ने अबस्था आएको एक युवा व्यवसायी दीपक कार्कीले बताउनु भयो । सिटिजस फर्निचर ट्रेड लिंकका संचालक समेत रहनु भएका युवा व्यवसायी कार्कीले अघिल्ला बर्षको तुलनामा यस बर्ष बजारमा चहलपहल ह्वात्तै घटेको दाबी गर्नु भयो ।

## लेखनाथका ६ पसलमा महानगरको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

नेपालीहरुका ठूला चाडपर्वहरु नजिकिदै गएका छन् । चाडपर्वसंगै किनमेल गर्नेहरुको भिडभाड बजारमा विस्तारै बढने क्रम सुरु भएको छ । खाद्यान्नदेखि लत्ताकपडा, नुनदेखि सुनपसलहरुमा उपभोक्ताको भिड बढने क्रमसंगै महंगि बढने र म्याद गुज्रेका सामानहरु विक्री गर्ने मौकाका रुपमा व्यवसायीले छोप्ने भएकाले पोखरा महानगरपालिकाले बजार अनुगमन सुरु गरेको छ ।

चाडपर्वको बेलामा व्यवसायीले कृत्रिम अभावदेखि मुल्यबृद्धि गर्ने गरेको गुनासो आउने गरेकाले उपभोक्ता अधिकार, मंहगी नियन्त्रण र गुणस्तर



कायम गर्न महानगरले अनुगमन गरेको हो । चाडपर्वमा उपभोक्ता नठगिउन भन्ने उद्देश्यले पोखरामा बजार अनुगमन तिव्र पारिएको हो । व्यापार बढेसँगै चाडपर्वको समयमा कृत्रिम अभावदेखि कालोबजारी बढ्छ, त्यसैले महानगरभित्र अनुगमन गरेका हौ महानगर बजार अनुगमन अधिकृत भरतराज पौडेलले भन्नुभयो । मनपरी मुल्य र बदमासी रोक्न अनुगमनलाई दशैसम्म अनुगमनलाई तीव्रता दिने उहाँले बताउनुभयो ।

महागनरले बिहबार लेखनाथ क्षेका ६ वटा पसलमा अनुगमन गरेको छ । अनुगमन गरिएका ६ बटा पसलबा म्याद नाघेका अखाद्य बस्तु मिसाइएका १७ हजार ८३१ रुपैयाँ बराबरको सामाग्री नष्ट गरिएको सापकोटाले जानकारी दिनुभयो । अनुगमनका क्रममा पोखरा ३० मा रहेको एएन बी सर्पिङ सेन्टरबाट १३ हजार ७ सय ३५ रुपैयाँ मुल्य बराबरको म्याद नाघेका र अखाद्य बस्तु फेला परेपछि नष्ट गरिएकोबजारअनुगमनमासहभागी महानगरका ऋषि सापकोटाले जानकारी दिनुभयो । पोखरा ३० कै एनएस मिराज स्टोर्समा नापतौलका सामाग्री दर्ता नगरेको, महानगरमा ब्यवसाय नविकरण नगरेको, सम्पत्ति कर नतिरेको देखिएकाले महानगर र नापतौल तथा गुणस्तर कार्यालयमा एक साताभित्र उपस्थित हुन निर्देशन दिइएको छ । त्यस्तै मुक्त खुद्रा स्टोस पोखरा ३१ पनि २१० बराबरको सामाग्री नष्ट गरिएको छ भने लाहाचोक किरान पसल अखाद्य बस्तु मिसाइएका बस्तु फेला परेको र नष्ट गरिएको छ । लेखनाथकै म्याग्दी सुमन होटलबा २० हजार बराबरको फ्राई गरेको लेग पिस नष्ट गरिएको छ ।

पोखरा महानगरपालिका कार्यबाहक प्रमुख एवं अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा अनुगमन गरेको हो । अनुगमनका क्रममा अखाद्य बस्तु, म्याद नाघेका खाद्य सामग्री, मुल्यसुचि नभएका, लेवल नलगाएका सामाग्री फेला परेको महानगर अनुगमन समितका अधिकृत भरतराज पौडलले बताउनुभयो । महानगरले अनुगमन गरिरहेको बताउदै उहाँले चाडपर्वमा किनमेलका लागि भिडभाड बढि हुने भएकाले म्याद गुज्रेका र अखाद्य बस्तु मिलाएर आउने भएकाले त्यसको नियण्णत्रका लागि अनुगमन प्रभावकारी बनाउने योजन अनुसार चाडपर्व अनुगमनलाई तिव्रता दिइएको बताउनुभयो ।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय कास्की, गुणस्तर तथा नापतौल कार्यालय पोखराका सहायक निरिक्षक रघुनाथ पौडेल, खाद्य प्राविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका खाद्य निरिक्षक सविना सुनार, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि मुकुन्दराज पौडेल, पोखरा महानगर सहकारी तथा उद्योग शाखा प्रमुख भरतराज पौडेल, महानगर सहकारी शाखाका ऋषिराम सापकोटा, पत्रकार गौरव त्रिपाठी र राजु गिरीको उपस्थिति रहेको थियो । चाडपर्व र राजनीतिक अस्थिरताको मौका छोपेर व्यापारीले मूल्यवृद्धि गर्ने हुँदा टोलीले अनुगमनलाई तीव्रता उहाँले बताउनुभयो । चाडपर्व नजिकिएसंगै यसमाथि दसैंमा किनबेल गर्नेको भिडभाड हुने गरेको छ उहाँले भन्नुभयो, "उपभोक्ताहरु बढी ठगिने भएकाले अनुगमनलाई तीव्रता दिइएका छौ । कानुनी प्रावधान अनुसार दोषिलाई कारबाही हुन्छ ।"


### डेंगीबाट बच्ने उपायहरु:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुख्यमन्त्री पाण्डेद्वारा मुस्ताङको घरपझोङ गाउँपालिकाको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुस्ताङको घरपझोङ गाउँपालिकाको भवन उद्घाटन गरेका छन् । ७ करोड ५९ लाखमा निर्माण भएको भवनको बिहिवार उद्घाटन गर्दै उनले भने 'यो नयाँ भवनबाट जनताले अझै सजिलो र सहज रुपमा सेवा पाउनेछन् भन्ने अपेक्षा लिएको छु ।'

गाउँपालिका भवनसँगै निर्माण भएको आपत्कालिन कार्य संचालन केन्द्र र बिहीवारदेखि मुस्ताङमा सुरु भएको कृषि तथा पर्यटन महोत्सवको पनि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरेका हुन् । मुस्ताङ, मनाङ, उत्तरी गोरखा जस्ता गण्डकी प्रदेश भित्रका हिमाली क्षेत्रको बिकासकालागि गण्डकी प्रदेश सरकारले बजेटमा प्राथमिकता दिएको उनले बताए । 'प्रदेशका अन्य जिल्ला जस्तै बिकासको गतिमा हिमाली जिल्लालाई पनि सँगसँगै लैजाने गरि सरकारले बजेट बिनियोजन गरेको, कार्यक्रममा प्राथमिकता दिएका छौं' उनले भने । मुस्ताङको बिकासकालागि यहाँका धार्मिक पर्यटनलाई प्राथमिकता दिनुपर्ने उनले बताए । मुक्तिनाथ, कागवेनीको प्रर्वद्धन र बिकास जरुरी रहेको उनले बताए । 'धार्मिक पर्यटन, शाहासिक खेलको बिकासले पनि मुस्ताङमा पर्यटन प्रर्वद्धन हुन सक्छ, यसवर्षको बजेटमा प्रदेश सरकारले यस विषयलाई प्राथमिकता दिएको छ' उनले भने । गण्डकी प्रदेश सरकारले मुस्ताङ जिल्लाकोलागि यस वर्ष ८० करोड बिकास बजेट बिनियोजन गरेको र आगामी वर्ष यो बजेट एक अर्व पुग्ने उनले बताए । मुस्ताङ सम्म पुग्ने सडक स्तरोन्नती गर्नुपर्ने आवश्यकता रहेको बताउँदै उनले अहिलेको भन्दा ४८ किलोमिटर छोटो दुरीको बिरेठाँटी, म्याग्दी, घोरेपानी हुँदै तातोपानी जोड्ने सडककालागि १० करोडमा बहुवर्षिय ठेक्का लगाएर चालु वर्षदेखि नै निर्माण सुरु गर्ने बताए । कालिगण्डकी नदीको वाहव बस्तीको सतह भन्दामाथि आउँदा जोखिम बढेको बताउँदै मुख्यमन्त्री पाण्डेले सवोच्च अदालतले सालिग्राम जोगाउन कालिगण्डकी उत्खनन् गर्न नहुने अन्तरीम आदेश गरेकाले जोखिम दिनदिनै बढेको बताए । 'शालिग्रामको आफ्नै महत्व छ, तर मानिसको ज्यान भन्दा शालिग्राम ठुलो हुन सक्दैन' उनले भने 'बस्ती जोगाउन तत्काल उत्खनन् गर्नुपर्ने आवश्यकता छ, कानुनी अड्चनका कारण देखिएको समस्या हल गर्ने दिशामा प्रदेश सरकार लागिरहेको छ ।' मुस्ताङ कृषिको क्षेत्रमा पनि संभावना बोकेको जिल्ला भएको बताउँदै मुख्यमन्त्री पाण्डेले व्यवशायीक स्याउ खेतीको लागि प्रदेश सरकारले अनुदान दिने भएकाले सामुयिक खेतीतर्फ लाग्न स्थानीयलाई अनुरोध गरे । स्थानीय स्तरमा रोजगारी दिलाउन प्रदेश सरकारले उत्पादनमा आधारित अनुदान दिने कृषिका कार्यक्रमलाई प्राथमिकता दिएको उनले बताए । नेपालको फरक फरक धर्म संस्कृती र परम्पारलाई जातीय, धार्मिक, सांस्कृतीक अनेकौं नाममा सामाजिक सद्भाव खलबल्याउने प्रयत्न अहिले भईरहेको बताउँदै मुख्यमन्त्री पाण्डेले यसतर्फ भने सबै सचेत हुनुपर्ने बताए । गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनको अध्यक्षतामा भएको कार्यक्रममा मुख्यमन्त्री पाण्डे सहित प्रतिनिधि सभा सदस्य योगेश गौचन, प्रदेश सभा सदस्यहरु लगायतको उपस्थिती थियो । कृषि तथा पर्यटन मेलामा मुस्ताङ जिल्लामा उत्पादीत कृषि उत्पादनको प्रर्दशनी र बिक्री स्टल संचालन गरिएको थियो ।

# आइएसएसआरद्वारा पोखरामा नेपालको आर्थिक विकासका विषयमा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज




इन्स्टिच्युड फर स्ट्राटेजिक एण्ड सोसियो इकोनोमिक रिर्सच (आइएसएसआर) र खबरहबले पोखरामा नेपालको आर्थिक विकासका विषयमा कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा जापानका पूर्वगर्भनर एवम् एसियाली विकास बैंकका पूर्वप्रमुख प्रो.हारुहिको कुरुडाले नेपालमा आर्थिक विकासका धेरै सम्भावनाहरु भएको उल्लेख गरे । "नेपालले छिमेकी मुलुक चीन र भारतबाट सहयोग लिन सक्छ । प्राकृतिक सम्भावनाहरु पनि थुप्रै छन् । जसले अर्थतन्त्र विकासका लागि ठूलो भूमिका निर्वाह गर्नसक्छ ।", उनले भने । हिमाल, खोलानालालाई अन्तर्राष्ट्रिय ब्राण्डिङ गर्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । नेपालको भौगोलिक अवस्थालाई अन्तर्ष्ट्रिय स्तरमा प्रचारप्रसार गरि लाभ लिन सकिने धारणा उनको छ । गण्डकी प्रदेश सरकारका अर्थमन्त्री जीतप्रकाश आलेमगरले नेपालको अर्थतन्त्रको विकास लागि धेरै सम्भावना भएता पनि नीतिगत तहमा चुकेकाले प्रगति हुन नसकेको उल्लेख गरे । उनका अनुसार नीतिगत तह सबल भए अर्थतन्त्र सुधार गर्न सकिन्छ । कार्यक्रममा प्रो.विन्दुनाथ लोहनी र आइएसएसआरका निर्देशक नरेश श्रेष्ठ लगायतले आफ्नो धारणा राखेका थिए ।

पोखराका व्यवसायिक तथा आर्थिक क्षेत्रका १५० भन्दा बढीको सहभागिता रहेको कार्यक्रमलाई नेप्लीज इन्टरपेनर्स फोरम पोखरा च्याप्टरले स्थानीय रुपमा समन्वय गरेको थियो ।

# प्रदेशस्तरीय तेस्रो डान परिक्षामा छ जना खेलाडीहरु ग्रेडिङ पास गर्न सफल

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



गण्डकी प्रदेश तेक्वान्दो संघको आयोजनामा संचालित प्रदेशस्तरीय तेस्रो डान परिक्षामा छ जना खेलाडीहरु ग्रेडिङ पास गर्न सफल भएका छन् ।

बिहिबार भएको सो कार्यक्रमको उद्घाटन गर्नुहुदै गण्डकी प्रदेशका कार्यवाहक अध्यक्ष विष्णु गौतमले खेलाडीको सिप र ज्ञानलाई राष्ट्रले सम्मुचित रुपमा प्रयोग गर्न सके मात्र खेलाडीहरुमा खेल क्षेत्रमा लाग्न प्रेरणा मिल्ने बताउनुभयो।प्रदेशकामहासचिव रमेश पौडेलले तेक्वान्दो खेल नेपालका लागि सबै भन्दा बढी पदक ल्याउन सक्ने खेल भएकाले खेलाडीहरुले खेलमा नै भविष्य देखेर खेलेमा मात्र सफलता पाउने बताउनुभयो ।

तेक्वान्दो संघ कास्कीका अध्यक्ष कुमार गुरुङले तेस्रो डान उत्कृष्ट खेल भएकाले खेलाडीहरुले परिस्कृत र परिमार्जित गरी व्यवसाहिक रुपमा अगाडि बढ्न आग्रह गर्नुभयो ।

कास्कीका दिप्सिना गुरुङ र सुजन गुरुङ साथै नवलपुरका कखेलाडीमा समिर बानिया, मनिस महतो, सुलभ तामाङ र सुचित पाण्डेले तेस्रो डानको उपाधि लिन सफल भएको परिक्षा संचालक समेत रहनुभएका प्रशिक्षक बलराम लामाले जानकारी दिनुभयो ।

# एट टु नाइन फुटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



"युवा एकता, खेलकुद विकास तथा स्वास्थ्यको लागि खेलकुद" भन्ने मुल नाराका साथ प्रथम खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ । एट टु नाइन गाइजको आयोजनामा पोखरा १३ माछापोखरी फुटबल मैदानमा सुरु भएको खेलको पहिलो दिन एक वाकओभर तथा पाँच खेल सम्पन्न भए ।

प्रतियोगिताको उद्धाटन तथा पहिलो दिनको चौथो खेलमा माछापुच्छे त्रीशक्ती युनाइटेडले मिलनटोल एफसीलाई २-१ गोल अन्तरले हराउँदै दोस्रो चरणमा प्रवेश गरेको छ । प्रतियोगिताको पहिलो दिन कुल ६ खेल सम्पन्न भए । प्रतियोगिताको पहिलो खेलमा भुजुङ एफसिले आयोजक एट टु नाइनलाई ४-० गोल अन्तरले पाखा लगायो ।

दोस्रो खेलमा कमलपोखरीले मालेपाटनलाई ४-० गोलले हरायो । तेस्रो खेलमा ए सेभेन ब्रदर्सले कटपा एफसीलाई ५-१ गोल अन्तरले पाखा लगायो । पाचौ खेलमा एनवाईसी यएरपोर्टले वाकओभर पायो । कुमागाने एफसीले सहभागिता नजनाएपछी वाक ओभर पाएको हो । पहिलो दिनको अत्यन्तै प्रतिस्पर्धात्मक बनेको अन्तिम खेलमा पसगाउले रबै एफसिलाई टाइब्रेकरमा ३-२ गोलले हराउन सफल भयो । निर्धारित २०-२० मिनेटको खेल १-१ गोलको बराबरीमा रोकिएपछी खेल टाइब्रेकरमा धकेलिएको थियो ।

प्रतियोगिताको उद्धाटन सत्रमा बोल्दै पोखरा महानगरपालिका वडा १३ का वडा अध्यक्ष किरण बरालले प्रतियोगितालाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले वडा १३ मा एक मात्र माछापोखरी खेलमैदान रहेको र यसलाई संरक्षण गर्न स्थानीय युवा तथा क्लबहरु लागिपरेको बताउदै खेल प्रतियोगितालाई निरन्तरता दिन अनुरोध गरे ।

एट टु नाइनका उपाध्यक्ष तथा प्रतियोगिताका व्यवस्थापक धनराज तामाङले फुटसल खेल्दै जमघट भएको समुहले फुटबलको विकासका लागि प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । प्रतियोगितामा कुल ३९ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले ६० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# मन्त्री तिवारीद्वारा पहिरो प्रभावित वस्तीको अनुगमन

**पोखरापत्र संवाददाता**
वालिङ, १८ असोज

गण्डकी प्रदेशका ऊर्जा जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले बिहीबार दमाइडाँडाको पहिरो प्रभावित वस्ती अवलोकन गर्नुभएको छ ।

स्याङ्जाको वालिङ नगरपालिका-८ मा रहेको दमाइडाँडामा अविरल वर्षासँगै तीन घरमा क्षति पुगेको छ । पहिराले क्षति पुगेका तीन वटै घर छाडेर आफन्तको आश्रय लिएर बसिरहेका छन् । छ घर रहेको उक्त वस्तीमा तीन घरमा पहिराले क्षति पुऱ्याएपछि मन्त्री तिवारीसहित स्याङ्जाका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरे, वालिङ नगर उपप्रमुख कविता तिवारी गैरे, पूर्वनगर प्रमुख दिलीपप्रताप खाँण लगायतले पहिरो प्रभावित वस्तीको अनुगमन गरी वस्ती स्थानान्तरणको प्रक्रिया अगाडि बढाउने बताउनुभयो । विसं २०७७ मा उक्त वस्तीमा धाँजा फाटेपछि भूगर्भविद्ले भौगर्भिक अध्ययन गरी बस्न उपयुक्त नभएको प्रतिवेदन दिएको थियो ।

# पोखरामा 'सापू'का बिरामी बढे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

पोखरा आसपासमा आँखाको रोग 'सिजनल हाइपर एक्युट प्यानयुभाइटिस' (सापू)का बिरामी बढेका छन् । महिना दिनमा २६ जनामा 'सापू'को सङ्क्रमण भेटिएको पोखरास्थित हिमाल आँखा अस्पतालले जनाएको छ ।

"यस वर्षको पहिलो बिरामी पहिचान गत भदौ २४ गते भएको हो, गएको मङ्गलबारसम्ममा २६ जनामा सापू देखिएको छ", अस्पतालका मेडिकल निर्देशक वरिष्ठ नेत्ररोग विशेषज्ञ डा इलिया श्रेष्ठले भन्नुभयो, "सङ्क्रमण विस्तारै बढ्दो क्रममा छ ।" उहाँका अनुसार सो अस्पतालमा गोरखा, तनहुँ, म्याग्दी, बागलुङ, स्याङ्जालगायत ठाउँका बिरामी उपचाररत छन् । सात महिनाको शिशुमासमेत उक्त रोगको सङ्क्रमण देखिएको डा श्रेष्ठले बताउनुभयो । "सङ्क्रमणले आँखा जटिल अवस्थामा पुगेका बिरामीको पनि हामीले उपचार गरिरहेका छौं, कोही निको भएर घर फर्किसक्नुभएको छ", उहाँले भन्नुभयो, "बेलैमा उपचार भएमा यो रोग निको हुन्छ, नत्र दृष्टि नै गुम्ने खतरा रहन्छ ।" वर्षायाम सकिएपछि नेपालको मध्यपहाडी क्षेत्रमा 'सापू'को सङ्क्रमण फैलने गरेको डा श्रेष्ठले उल्लेख गर्नुभयो । विशेषगरी असोजदेखि मङ्सिरसम्म 'सापू'ले प्रकोपको रुप लिने गरेको उहाँको भनाइ छ । पहिलोपटक सन् १९७५ मा पोखराको नारायणटारमा 'सापू' रोग भेटिएको थियो । नेत्ररोग विशेषज्ञ डा मदन उपाध्यायले यो रोग पत्ता लगाउनुभएको थियो । बर्सेनि पोखरा र आसपासका क्षेत्रमा यो रोगको सङ्क्रमण बढी देखिने गरेको हिमालय आँखा अस्पतालले जनाएको छ । बत्तीमा झुम्मिने कालो धर्सा भएको सेतो पुतलीको सम्पर्कबाट 'सापू' रोग लाग्ने गरेको डा श्रेष्ठले बताउनुभयो । "सापूको रोगको यकीन कारण अझै पत्ता लागेको छैन, सेतो पुतलीको रौं आँखामा पुग्दा यसको सङ्क्रमण हुने गरेको छ", उहाँले भन्नुभयो, "लक्षण देखिएको ४८ घण्टाभित्र उपचार नपाए दृष्टि नै गुम्न सक्छ, यो रोगबारे समुदायमा सचेतनाको जरुरी छ ।"


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

बिगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सूक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# अख्तियार दुरुपयोगको मुद्दा

नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ। नेसनल पेमेन्ट गेटवे खरिदमा अनियमितता गरेको भन्दै सचिव मरासिनीसहित ९ जनाविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो । योसँगै पछिल्लो ६ महिनामा मुद्दा खेप्ने बहालवाला सचिवको संख्या तीन पुगेको छ । यसअघि उपराष्ट्रपति कार्यालयमा कार्यरत रहेकै बेला सचिव टेकनारायण पाण्डे र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतविरुद्ध पनि मुद्दा विचाराधीन छ। पाण्डेलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ भने राउत अदालतको आदेशमा रिहा भएका थिए । अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख रहेका मरासिनीले 'नेसनल पेमेन्ट गेटवे' खरिदमा भएको भ्रष्टाचार प्रकरणमा संलग्न रहेको भन्दै अख्तियारले मुद्दा दायर गरहेको हो।

अख्तियारले अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका प्रमुखका हैसियतमा मरासिनीले कानुनविपरीत काम गरेको उल्लेख छ । मरासिनीले नीति तथा कार्यक्रममा समावेश नभएको तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट नै माग नगरेको नेशनल पेमेन्ट गेट-वे खरिद शीर्षकमा एलएमबीआईएस बजेट प्रविष्टीका नियमित चरणमा पर्ने कुनै पनि कार्य नगरी/नगराई तथा सोसम्बन्धी तयारीको आवश्यक कागजातसमेत समावेश नगरी/नगराई आफू मातहत तथा माथिल्लो निकाय/अधिकारीलाई जानकारी नदिई २५ करोड रकम बजेट सिलिङभन्दा बाहिर गई विनियोजन गरी/गराई बजेट (रातो किताब) मा समावेश गरे/गराएको साथै उक्त बजेटलाई राष्ट्रिय सूचना प्रविधि केन्द्रले नेशनल पेमेन्ट गेटवे खरिद गरी सञ्चालन गर्ने विषय विशुद्धः प्राविधिक विषय मात्रै नभई बैंकिङ कारोबारसम्बन्धी बिजनेस डिटेलको ज्ञान हुनुपर्ने, कानुनी प्रावधान आवश्यक हुने, सरोकारवालाहरुसँग आवश्यक समन्वय समेत अनिवार्य तवरमा गर्नु पर्नेमा यी विषयको निर्क्यौल तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम गुरुयोजना तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका अनिवार्य तवरमा गर्नुपर्ने कार्यहरूसमेत नगरी/नगराई लागत अनुमान स्वीकृत भएको भनी झुट्ठा विवरण राखी...' अख्तियारले भनेको छ।

यो वर्षको सुरुआतमै नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनमा संलग्न रहेको आरोपमा पक्राउ पर्ने पहिलो बहालवाला सचिव टेकनारायण पाण्डे थिए । उपराष्ट्रपति कार्यालयमा कार्यरत रहेकै बेला पाण्डेलाई गत वैशाख २० मा काठमाडौं प्रहरी परिसरले पक्राउ गरेको थियो । नक्कली भुटानी शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजीत राईलाई प्रहरीले पक्राउ गरेपछि भागेका सचिव पाण्डेलाई जडिबुटीबाट पक्राउ गरेको थियो । २०७८ साल साउन २७ गतेदेखि २०७९ असोज २ गतेसम्म गृहसचिव रहेका बेला नेपाली युवाहरूलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन संलग्न रहेको आरोप थियो। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने गिरोहसँग रकम लिने गरेको बदलामा सरकारी सूचना उपलब्ध गराउने, सरकारको तर्फबाट निर्णय गराउन भूमिका खेल्ने गरेको आरोप थियो। पाण्डेले आफू गृह मन्त्रालयमा रहेकै बेला आफ्नो व्यक्तिगत सुरक्षाकर्मीमार्फत् झण्डै ८ महिनाको अवधीमा ७५ लाख रुपैयाँभन्दा बढी रकम बैंकमा दाखिला गराएको पाइएको थियो।

काठमाडौं जिल्ला अदालतले पाण्डेलाई पुर्पक्षका लागि थुनामा पठाएको छ। असार १ मा काठमाडौं जिल्ला अदालत काठमाडौंले सचिव पाण्डेसँगै नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण, एमाले सांसद तथा सचिव टोपबहादुर रायमाझी, इन्द्रजित राई, टेकनाथ रिजाल, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, सन्दीप रायमाझी, नरेन्द्र केसीलगायतलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। पछिल्लो ६ महिनामा मुद्दा खेप्ने तेस्रो बहालवाला सचिव कृष्णबहादुर राउत हुन् । लामो समयदेखि चर्चामा रहेको ललिता निवास जग्गा हिनामिना प्रकरणमा मुछिएका राउत पक्राउसमेत परेका थिए । सचिव राउतलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले त्रिभुवन विमानस्थलबाट पक्राउ गरेको थियो। ललिता निवास जग्गा हिनामिनामा संलग्न पाएपछि सीआईबीले गत असार २४ गते सचिव राउतलाई विराटनगर जाने क्रममा त्रिभुवन विमानस्थलबाट पक्राउ गरेको थियो।

राउतले २०६६/०६७ ताका शाखा अधिकृत हुँदा बालुवाटारस्थित प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखको निवास विस्तार गर्ने नाममा भूमाफियाको योजनाअनुसार अगाडि बढेको सट्टाभर्नासम्बन्धी निर्णयमा टिप्पणी उठाएका थिए। सोही टिप्पणीका आधारमा सहसचिव, सचिव, मन्त्री हुँदै तहगत रुपमा सदर गरेर मन्त्रिपरिषद्मा पुऱ्याई निर्णय भएको थियो। त्यस क्रममा नेपाल सरकारको नाममा रहेको करिब २५ रोपनी जग्गा हिनामिना भएको थियो । सोही प्रकरणमा मन्त्रालयबाट टिप्पणी उठाउने राउत सचिव बहाल हुँदा पक्राउ परेका थिए। असार २४ मा पक्राउ परेका सचिव राउत साउन ५ मा सर्वोच्च अदालतको आदेशले थुनामुक्त भएका थिए। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको जिम्मेवारीमा हाल पनि बहाल राउतलाई सर्वोच्चले विदेश जान भने रोक लगाएको थियो। ललिता निवास जग्गा हिनामिना प्रकरणको अनुसन्धान सम्पन्न नभएसम्मका लागि विदेश रोक लगाएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा ९ को चण्डि मन्दिर परिसरमा नवदुर्गा पूजा गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



पोखरा महानगरपालिका वडा नं. ९ दरबारथोकमा रहेको एतिहासिक चण्डि मन्दिरमा यस वर्ष पनि नवदुर्गा पुजा तथा चण्डी पाठ गरिने भएको छ।

चण्डिमाई सेवा समिति, चण्डिका आमा समुह र दरबारथोक टोल विकास संस्थाको सम्युक्त भेलाले विमला रानाभाटको संयोजकत्वमा २१ सदस्यीय नवदुर्गा पुजा तथा चण्डी पाठ मुल आयोजक समिति २०८० गठन गरेको छ।

परापुर्वकाल देखि हिन्दु धर्मावम्बीहरुले स्थापना गरि सामुहिक रुपले पुजा अर्चना गर्दै आइएकोमा विगत केहि सालदेखि दुर्गा भगवती तथा अन्य देवि देवताका स्थायी मूर्ति बनाई नियमित रुपमा दुर्गा पुजा गर्दै आईरहेको चण्डिमाई सेवा समितिका अध्यक्ष तथा पुजा व्यवस्थापन उपसमिति संयोजक तेजबहादुर भुजेलले वताए।

नवदुर्गा पुजा असोज २८ गते घटस्थापनाको दिन देखि दैनिक रुपमा पण्डित विशाल चापागाईंद्धारा चण्डिपाठ परायण हुने, महाअष्टमीमा देवीको तश्रो नेत्र दर्शन, नवामीमा फुलपाती विसर्जन गरी यो वर्षको नवदुर्गा गरिने प्रचारप्रसार उपसमिति संयोजक कृष्ण रानाभाटले वताए।

समितिको सहसंयोजकमा शोभा अधिकारी, सचिवमा शोभाकान्त सिग्देल, कोषाध्यक्षमा निलम खवास, सहसचिवमा शान्ति भुजेल, सहकोषाध्यक्षमा इन्द्रबहादुर खवास, सदस्यहरुमा बुद्धि बहादुर रानाभाट, विष्णु बहादुर खवास, सिता नेपाली, रचना खवास, सुनिता केसी, गौरा पौडेल, मिलन केसी, कृष्ण बहादुर श्रेष्ठ, कृष्ण माया कार्की, कमला पाण्डे, हिरा घले, मेनका श्रेष्ठ, उषा माता रहेका छन्।

त्यसै गरी पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पोखरा ९ का अध्यक्ष दिपेन्द्र मर्सानी, पुजा व्यवस्थापन समिति संरक्षक तेजबहादुर भुजेल, वेदनाथ कोइराला, पुर्ण बहादुर भुजेल, टिका भुजेल, वेद कुमार श्रेष्ठ, रामु वास्तोला, अमृतमान श्रेष्ठ, श्याम राना, जगत केसी, हरिमाया गुरुङ, विर बहादुर गुरुङ, शालिकराम अधिकारी, पुष्पा आचार्य, हरि भुजेल, रमेश पौडेल, खिमा गुरुङ, कृष्ण रानाभाट, केशब प्रसाद रेग्मी, हरिश्चन्द्र तिवारीलाई सल्लाहकारमा चयन गरिएको छ।

साथै पुजा व्यवस्थापन उपसमितिको संयोजकमा तेज बहादुर भुजेल, आर्थिक व्यवस्थापन उपसमितिको संयोजकमा निलम खवास, प्रचारप्रसार उपसमितिको संयोजकमा कृष्ण रानाभाट, साँस्कृतिक उपसमितिको संयोजकमा उषा माता, साउण्ड सिष्टम बत्ती माइक उपसमितिको संयोजकमा कृष्ण बहादुर श्रेष्ठ, शान्ति सुरक्षा उपसमितिको संयोजकमा हिरा घले र सरसफाई व्यवस्थापन उपसमितिको जिम्मेवारी चण्डिका आमा समुहलाई प्रदान गरिएको छ।

# भिजन लुम्बिनीको आइपिओमा १३ लाख बढी आवेदन

**पोखरापत्र संवाददाता**
कास्की, १८ असोज

सेती नदी जलविद्युत् आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले आयोजना प्रभावित क्षेत्रका लागि जारी गरेको प्राथमिक शेयर (आइपिओ) मा १३ लाख ६८ हजार एक सय ५० हजार कित्ता शेयर आवेदन परेको छ।

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको उक्त जलविद्युत आयोजनाले प्रभावित क्षेत्रका लागि गत भदौ १९ गतेदेखि प्राथमिक शेयर जारी गरेको थियो । असोज १७ गते (हिजो) अन्तिम दिन रहेकामा रू १३ करोड ६८ लाख १५ हजार बराबरको आवेदन परेको कम्पनीले जनाएको छ। प्रभावितका लागि जारी गरिएको आइपिओमा तोकिएको सङ्ख्याभन्दा पाँच लाख ४४ हजार तीन सय ५० कित्ता न्यून आवेदन परेकाले प्रक्रिया पूरा गरेका सबैले शेयर प्राप्त गर्ने कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो।

उहाँका अनुसार आयोजनाको प्रभावित क्षेत्रका रुपमा रहेका माछापुच्छ्रे गाउँपालिका-१, २, ३, ४ र पोखरा महानगरपालिका-१९ का स्थानीय बासिन्दाका लागि शेयर जारी गरेको थियो। कम्पनीको आइपिओमा आस्वाबाट छ सय ३९ जनाले पाँच लाख ६७ हजार दुई २० कित्ता र भौतिक उपस्थित भएर आठ सय ७९ ले आठ लाख नौ सय ३० कित्ता आवेदन गरेका छन्। भिजन लुम्बिनीले आफ्नो जारी पूँजी रू एक अर्ब ९१ करोड २५ लाखको १० प्रतिशत अर्थात रू १९ करोड १२ लाख ५० हजार बराबरको १९ लाख १२ हजार पाँच सय कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्काशन गरेको कम्पनीका कार्यकारी अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । कम्पनीले सर्वसाधारणलाई छुट्याइएको शेयर को १० प्रतिशतले एक लाख ९१ हजार दुई सय ५० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरीरहेका नेपालीका लागि निष्काशन गरी असोज १५ गते बाँडफाँड गरिएको छ । कम्पनीले आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको थियो । कार्यकारी अध्यक्ष पोखरेलले आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको बताउँदै आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । उहाँका अनुसार ढिलोमा आगामी मङ्सिरभित्र आयोजना सम्पन्न भएर व्यावसायिकरुपमा विद्युत उत्पादन हुनेछ। मङ्सिर पहिलो साता आयोजनाबाट परीक्षण उत्पादन सुरु गर्ने तयारी गरिएको पोखरेलको भनाइ थियो। स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाट आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो। उहाँका अनुसार माछापुच्छ्रेको सार्दिखोला भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगर स्थित पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ । "भूमिगत पाइपमार्फत लगिएको पानी पावर हाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालेर विद्युत उत्पादन हुनेछ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ", पोखरेलले भननुभयो । उहाँका अनुसार उक्त आयोजनामा पाँच अर्ब लगानी रहेको छ। रू तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् भने अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गर्न लागिएको कम्पनीले जनाएको छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१८

यस कार्यालयमा मिति २०५६/११/२० मा कास्की जिल्ला पोखरा-३३, कास्कीमा सञ्चालन गर्ने गरी भरतपोखरी-०९, कास्की निवासी **महेश्वर आचार्य**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. ३५५७/०५६/०५७ (१६२) को **न्यू मिलन फर्निचर उद्योग** नामक फर्मको प्रोपाइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**पासपोर्ट हरायो**

मिति २०८० भाद्र ३० गते पृथ्वीचोकबाट बगर जाँदै गर्दा मेरो निम्न विवरणको पासपोर्ट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: महादेव शाही
पासपोर्ट नं.: 06995194
सम्पर्क नं.: ९८५६०२०७०८


# पोखरा बसपार्क व्यवस्थित गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा १८ असोज

पर्यटकीय सहर पोखरामा आधुनिक र सुविधा सम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा दुई सय पाँच रोपनी क्षेत्रफल जमिन अधिग्रहण गरिएको थियो।

पोखरा-९ पृथ्वीचोकमा बसपार्कका लागि छुट्याइएको जमिनमा पाँच दशक पुग्न लाग्दासमेत हालसम्म बसपार्कका पूर्वाधार बन्न सकेका छैनन् । बसपार्कको जमिन लामो समयदेखि अव्यवस्थित रहेकामा पोखरा महानगरपालिकाले पछिल्लो समय यसलाई व्यवस्थित गर्न सुरुआत गरेको छ। चालु आर्थिक वर्षदेखि बसपार्क व्यवस्थित बनाउन अघि बढेको हो । सधैं हिलाम्य हुने बसपार्कको प्रवेशद्वार ढलान गरिएको छ भने छेउछाउमा रेलिङ निर्माण गरिएको छ। बसपार्कभित्र रहेका यातायात व्यवसायीका काउन्टर तथा ग्यारेज र अटो पार्टस्का पसल हटाइएका छन् । बसपार्कलाई तत्काल अल्पकालीन र विस्तारै दिगोरूपमा व्यवस्थापन गर्ने गरी योजना अघि बढाइएको महानगरको यातायात व्यवस्थापन समितिका संयोजक अमृत शर्मा तिमिल्सिनाले बताउनुभयो। उहाँका अनुसार बसपार्कभित्र पूर्वाधार नबन्दा लामो तथा बजार क्षेत्रभित्र चल्ने सबै बस बसपार्क अगाडिको सडकबाट गन्तव्यका लागि छुट्ने गरेकामा साउन पहिलो सातादेखि सबै बसले आफ्नो सेवा बसपार्कबाटै दिने गरी व्यवस्था गरिएको छ।

अहिले बसपार्कभित्रको जमिनमा खाल्डाखुल्डी पुरेर समथर बनाइएको छ । बसपार्कको पश्चिमतिरको भागमा ग्राभेल गरी सम्म्याउने काम भइरहेको छ । बसपार्कमा लामो समयसम्म पर्खाइमा बस्ने गाडीहरूको पार्किङका लागि वैकल्पिक स्थानको व्यवस्थापन गरिएको छ। तिमिल्सिनाले भन्नुभयो, "पोखरा बसपार्क तत्काल व्यवस्थापनको विकल्प छैन । यसलाई विस्तारै व्यवस्थापन गर्दै अतिक्रमित बसपार्कको पूरै जमिनमा बसपार्क बनाउनु पर्दछ ।" बसपार्कको समस्या निकै लामो समयदेखिको समस्या भएको उहाँले बताउनुभयो। यसको व्यवस्थापनमा कयौँ चुनौती रहेका भए पनि महानगरपालिका यस कार्यका निरन्तर लागिरहेको उहाँले बताउनुभयो।

नगरप्रमुख धनराज आचार्यले पोखरामा व्यवस्थित सिटी बसपार्क निर्माणको योजना रहेको बताउनुभयो। बसपार्कको जमिनमा बसिरहेका वास्तविक भूमिहीनको उचित व्यवस्थापन गरी बसपार्कका लागि छुट्याइएको अधिकतम जमिनमा व्यवस्थित बसपार्क निर्माण गर्ने योजनामा आफूहरू रहेको उहाँले बताउनुभयो। मुलुककै दोस्रो ठूलो सहर पोखरा सातै प्रदेशको यातायात सञ्जालसँग जोडिएको छ । पोखराबाट साना तथा ठूला गरी दैनिक हजारौं सवार ीसाधान देशभरिका लागि छुट्ने गर्दछन् । महानगरले बसपार्क अगाडिको सडकमा पार्किङसमेत अहिले निषेध गरेको छ। यसअघि लामो तथा छोटो दूरीका बस सडकमै पार्किङ गर्दा सवारी आवागमनमा असर पर्नुका साथै बाहिरबाट आएका पर्यटकले बसपार्क अव्यवस्थित र कुरुप देखिँदा पोखराको सौन्दर्यमाथि प्रश्न उठेपछि बसपार्क वरपरको सडकमा पार्किङ हटाइएको हो।

# उत्कृष्ट प्रदर्शन गर्ने प्रहरीका क्रिकेट खेलाडी सम्मानित

**रासस**
काठमाडौं १८ असोज

मित्रराष्ट्र चीनमा सञ्चालन भइरहेको १९औँ एसियन गेम्सको टी-२० क्रिकेट प्रतियोगितामा राष्ट्रिय क्रिकेट टिमको प्रतिनिधित्व गरी उत्कृष्ट खेल प्रदर्शन गर्न सफल नेपाल प्रहरीका पाँच क्रिकेट खेलाडीलाई बिहीबार सम्मान गरिएको छ।

नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा आज आयोजित कार्यक्रमबीच उहाँहरूलाई सम्मान गर्नुभएको हो । सम्मानित हुने खेलाडीमा नेपाल पुलिस क्रिकेट टिमका कप्तान दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, सागर ढकाल एवं नेपाल प्रहरीमा आबद्ध करण केसी र गुल्सन झा रहेका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले अन्तर ाष्ट्रियस्तरका महत्त्वपूर्ण खेलकुद प्रतियोगितामा नेपाल प्रहरीको तर्फबाट सहभागिता जनाई उत्कृष्ट खेल प्रदर्शनका साथै प्राप्त गरेको सम्मान र सफलताको कारणले समग्र नेपाल प्रहरी सङ्गठनको अस्तित्व र प्रतिष्ठा उँचो भएको बताउनुभयो।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१८

यस कार्यालयमा मिति २०६२/०३/२७ मा कास्की जिल्ला पोखरा-३०, कास्कीमा सञ्चालन गर्ने गरी लेखनाथ-१२, कास्की निवासी **पार्वती आचार्य**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. **५०१५/०६१/०६२** (२६८) को **न्यू मिलन ग्रिल उद्योग** नामक फर्मको प्रोपाइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

